# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३ ] काठमाडौं, भाद्र २५ गते २०३० साल [ संख्या २२

श्री ५ को सरकार

**अर्थ मन्त्रालयको**

**सूचना**

घर जग्गा कर नियमहरू, २०२० को नियम ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले भैरहवा, तानसेन, पोखरा र हेटौंडा शहरी क्षेत्रको घर जग्गा करको प्रयोजनको निमित्त घर जग्गा कर नियमहरू, २०२० मा नियम ५ बमोजिम तोकिएको सिद्धान्तको आधारमा देहायको अध्यक्ष र सदस्यहरू भएको घर जग्गा मूल्यांकन समिति गठन गरेको छ ।

१. स्थानीय अञ्चल कर कार्यालयको प्रमुख कर अधिकृत वा कर अधिकृत – – – अध्यक्ष

२. स्थानीय नगर पञ्चायतको प्रधान पञ्च वा एकजना सदस्य – – – सदस्य

३. स्थानीय आवास तथा भौतिक परियोजना कार्यालयको कार्यालय प्रमुख (इन्जिनीयर) . . . . . . . . . सदस्य

४. स्थानीय भूमि प्रशासन कार्यालयको प्रमुख वा सो कार्यालय नभएका ठाउँमा स्थानीय माल कार्यालयको कार्यालय प्रमुख – – – – – – – – सदस्य

५. अर्थ मन्त्रालय, कर विभागबाट खटाइएको अधिकृत – – – सदस्य–सचिव

आज्ञाले–

भरतबहादुर प्रधान

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

259

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।